**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# संवादात्मक र सहकार्यात्मक सिद्धान्तको अवधारणा

**शालिकराम पौड्याल, पि.एचडी.**
उपप्राध्यापक
बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.

---

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Shalikram Paudyal, paudyalshalikram@gmail.com
Orcid: https://orcid.org/0009-0007-6023-9864
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80170

---

## लेखसार

प्रस्तुत लेखमा संवादात्मक र सहकार्यात्मक सिद्धान्त अवधारणालाई अध्ययन गरिएको छ । यस लेखमा आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । गुणात्मक ढाँचामा आधारित रहेको यस लेखमा विभिन्न उदाहरणका माध्यमबाट संवादात्मक र सहकार्यात्मक सिद्धान्त र त्यसको अवधारणालाई स्पष्ट पारिएको छ । ग्राइसको संवादात्मक सिद्धान्तले संवादका क्रममा सहभागी हुने वक्ता र श्रोता बिचको सम्बन्ध र सहभागिताको अध्ययन गर्छ । त्यस्तै संवादका क्रममा संवादलाई सफल बनाउन सहभागी दुवैको पारस्परिक सहयोग र सहकार्यको अध्ययन सहकार्यात्मक सिद्धान्तले गर्दछ । संवादका क्रममा एकअर्कामा सहयोग नभएमा संवाद सफल नहुने र सहयोग भएमा संवाद सफल हुने ग्राइसको धारणा रहेको छ । संवाद सफल हुन वक्ता र श्रोतामा कतैबाट पनि आघात हुन नहुने मान्यता राख्दै ग्राइसले गुणोक्ति परिमाणोक्ति, सम्बन्धोक्ति र व्यवहारोक्ति गरी चार किसिमका उक्ति तथा मान्यताको चर्चा गरेका छन् । ग्राइसले प्रस्तुत गरेका यी उक्ति वा मान्यताको पालना भएमा संवाद आदर्श र प्रभावकारी हुने एवम् पालना नभएमा संवाद अविश्‍वसनीय हुने कुराको विभिन्न दृष्टान्तका माध्यमबाट पुष्टि गर्दै संवादमा वक्ता र श्रोताको योगदान र भूमिका कति, कस्तो र कुन रूपमा हुनुपर्छ भन्ने कुरा यसै सिद्धान्तबाट जानकारी लिन सकिने निष्कर्ष निकालिएको छ ।

**मुख्य शब्दावली :** गुणोक्ति, परिमाणोक्ति, व्यवहारोक्ति, सम्बन्धोक्ति, संवादात्मक ।

## अध्ययनको पृष्ठभूमि

हर्बर्ट पाउल ग्राइस (सन् १९१३-१९८८) को संवादात्मक र सहकार्यात्मक सिद्धान्तको अध्ययनमा प्रस्तुत लेख केन्द्रित रहेको छ । ग्राइस भाषाका एक ब्रिटिश दार्शनिक थिए । उनले व्यावहारिक भाषाविज्ञानका क्षेत्रमा आधारभूत अवधारणा संवादात्मक र सहकार्यात्मक सिद्धान्त प्रतिपादन गरेका छन् । भाषा र सञ्चारको अध्ययनमा अर्थको सिद्धान्त उनको महत्त्वपूर्ण योगदान हो । ग्राइसले सन् १९६७ मा हार्वर्ड विश्वविद्यालयमा विलियम जेम्स भाषणमालाअन्तर्गत दिएका 'धारणाको कारण सिद्धान्त' तथा 'तर्क र संवाद' सम्बन्धी व्याख्यानहरूमा अर्थको सिद्धान्तको विकास गरे । यी दुई व्याख्यानहरू सुरुमा वक्ताको *वक्ताको अर्थ, वाक्यको अर्थ र शब्दको अर्थ* (१९६८) र *अर्थ र आशय* (१९६९) मा प्रकाशित भएका थिए । उनको *तर्क र संवाद* १९७५ लेखबाट यस सिद्धान्तले विस्तार हुने मौका पाएको हो । उनका अन्य व्याख्यान पछि 'शब्दको अध्ययनको मार्ग' ( १९८९) को पहिलो खण्डको रूपमा अन्य व्याख्यानहरूसँग यसलाई सङ्कलन गरिएको छ । ग्राइसको सिद्धान्तले संवादमा सहभागी भएका वक्ता र श्रोताको भूमिका र संवादको अध्ययन गर्छ । वक्ता र श्रोता बिच हुने कुराकानी संवादात्मक कार्य हो भने उक्त अन्तर्क्रियामा एकअर्कामा हुने सहयोग नै सहकार्यात्मक कार्य हो । भाषाको सामाजिक कार्य व्यक्तिहरूका बिचको संवादात्मक अन्तर्क्रिया हो । यही संवादबाट सामाजिक कार्यहरू निष्पन्न हुन्छन् । ग्राइसको सिद्धान्तका बारेमा चूडामणि बन्धु, योगेन्द्रप्रसाद यादव र भीमनारायण रेग्मी, देवीप्रसाद गौतम र प्रेमप्रसाद चौलागाई, टङ्कप्रसाद न्यौपाने, हेरम्बराज बास्तोला, महेशप्रसाद भट्ट आदिले अध्ययन गरेका छन् । यी अध्ययनमा संवादात्मक र सहकार्यात्मक सिद्धान्तको परिचय मात्र भएकाले नेपाली भाषाका सन्दर्भका यसको उपयोगिताका बारेमा अध्ययन गरिएकाले यस लेखको औचित्य देखिन्छ । प्रस्तुत लेखमा ग्राइसले प्रतिपादन गरेको संवादात्मक र सहकार्यात्मक सिद्धान्तको धारणा के कस्तो रहेको छ भन्ने मुख्य समस्यामा केन्द्रित रहेर संवादात्मक व्यञ्जना र सहकार्यात्मक सिद्धान्तको अवधारणालाई नेपाली उदाहरणबाट स्पष्ट पार्नु मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा प्राथमिक स्रोतको सामग्रीका रूपमा ग्राइसले हार्वर्ड विश्वविद्यालयमा विलियम जेम्स भाषणमालाअन्तर्गत गरेका व्याख्यानहरूमा आधारित लेख 'तर्क र संवाद' लाई लिइएको छ । द्वितीयक स्रोतका सामग्रीका रूपमा सम्बन्धित विषयका प्रकाशित पुस्तकहरू, अनुसन्धान सार, जर्नलमा प्रकाशित लेख र विद्युतीय माध्यममा रहेका सामग्रीलाई लिइएको छ । दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचाको प्रस्तुत

लेखमा संवादात्मक र सहकार्यात्मक सिद्धान्तको अवधारणालाई प्रस्तुत गरी नेपाली भाषाका उदाहरण दिई व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक परिचय

कुनै पनि वक्ताले विशेष सन्दर्भमा अभिव्यक्त गरेको कथनलाई श्रोताले पनि त्यसैअनुरूप विशेष अर्थमा बुझ्छ । भाषिक सन्दर्भले बुझाउने वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न अर्थ सन्दर्भ र प्रयोगअनुसार निर्धारण हुन्छ र त्यहीअनुसारको अर्थ भाषाले प्रवाहित गरेको हुन्छ भन्ने कुराको अध्ययन प्रकरणार्थ विज्ञानले गर्दछ । त्यसैले खास प्रसङ्गमा प्रयोग भएको भाषाको अध्ययन नै प्रकरणार्थ विज्ञान हो । यही प्रकरणार्थविज्ञानको विकाससँगै यसैको केन्द्रीयतामा वाक्क्रिया सिद्धान्त, संवादात्मक र सहकार्यात्मक सिद्धान्त जस्ता अवधारणा विकास भएको हो । सहकार्यात्मक सिद्धान्तलाई प्रकरणार्थ विज्ञानको केन्द्रका रूपमा लिने गरिन्छ । विचार आदान प्रदानका सन्दर्भमा आफ्नो भूमिकालाई बढीभन्दाबढी क्रियाशील र शक्तिशाली बनाउनुपर्छ भन्ने कुरामा यसले जोड दिन्छ । यस सिद्धान्तमा  गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति एवं व्यावहारोक्ति जस्ता उक्तिगत नियमहरूको चर्चा गरी यिनको पालना भएमा संवाद सफल हुने र नभएमा संवाद सफल नहुने मान्यता राखिएको छ (ग्राइस, सन् १९८९, पृ.२४) । सहकार्यात्मक सिद्धान्त भाषा प्रयोगका अर्थको अध्ययनसँग सम्बन्धित छ । यसका सहायताले साहित्यमा यस्ता भषिक प्रयोगले खेलेको भूमिकाको अध्ययन गर्ने गरिन्छ (भट्ट, सन् २०२३, पृ. ५१) । वक्ताले भाषाका माध्यमबाट आफ्ना विचारलाई श्रोतासम्म पुऱ्याउँछ भने श्रोताले वक्ताका कुराको प्रक्रिया जनाउँछ । यही वक्ता र श्रोताका बिचमा हुने भाषिक अन्तर्क्रिया नै संवाद हो । संवादका क्रममा वक्ता र श्रोताको समान भूमिका रहन्छ । संवादका क्रममा वक्ता र श्रोताको अनिवार्य उपस्थिति आवश्यक हुन्छ । संवादमा सहभागीको पालो, सहभागिता, क्रमबद्धता, पारस्परिक सहयोग, वक्ता र श्रोताको सम्बन्ध, तात्कालिक परिस्थितिका आधारमा प्रयुक्त भाषिक उच्चारको अर्थ आदिको अध्ययन गर्ने सिद्धान्त संवादात्मक सिद्धान्त हो । संवाद अध्ययनका लागि अघि सारिएका सिद्धान्तले संवादका दुई पक्ष बिचको सम्बन्ध र सहभागिताको अध्ययन गर्दछन् (यादव र रेग्मी, २०५८, पृ. ३१२) । संवादात्मक कार्य सम्पन्न गर्नका लागि संवादका सहभागीहरू बिच हुने परस्परको सहयोगलाई सहयोगात्मक वा सहकार्यात्मक सिद्धान्त भनिन्छ । यस सिद्धान्तको सार आफू सहभागी भएको वार्तालापमा स्वीकृत उद्देश्य र दिशाअनुसार एकले अर्कालाई सहयोग र योगदान गर्नुपर्दछ भन्ने हो । सहयोग नभएमा वार्तालापमा व्यञ्जनाको अभिव्यक्ति हुन्छ भने सहयोग भएमा दैनिक वार्तालाप सम्पन्न हुन्छ (बन्धु, २०७७, पृ. १५९) । ग्राइसले प्रस्ताव गरेका सामान्य सिद्धान्त सहकार्यात्मक र संवादात्मक हो । सन् १९६७ मा

ग्राइसले सहयोगात्मक सिद्धान्तको प्रतिपादन गर्दा अभिव्यक्ति र सम्प्रेषणबिच भिन्नता छुट्याउँदै अभिव्यक्तिलाई वाक्यको अर्थ तथा सम्प्रेषणलाई वक्ताको अर्थ मानेका छन् (सन् १९८९, पृ.२६) । भाषिक उच्चारलाई वक्ताको आशयका आधारमा अर्थ्याउनुपर्ने र त्यसो नहुँदा वास्तविक भाषिक विश्लेषण हुन नसक्ने कुरालाई जोड दिँदै ग्राइसले जबसम्म सहभागीहरू संवादको उद्देश्य र वातावरणअनुरूप आफ्नो भूमिकालाई अनुकूल बनाउदैनन् तबसम्म संवादले गति लिदैन भन्ने अवधारणा राखेका छन् (सन् १९८९, पृ.२५) । स्कुलफिल्ड (२००७) का अनुसार ग्राइसले संवादमा सहकार्यात्मक पूर्णताको लागि खास खास नियम प्रतिपादन गरेका छन् र संवादात्मक उक्तिहरू, उक्ति अतिक्रमण, उक्ति उलङ्घन एवम् अन्तरोक्ति जस्ता पक्षको समावेश गरी पूर्णता दिएका छन् । यस्ता उक्तिहरूले संवादको नियमबद्वतालाई अध्ययन गर्छन् । ग्राइसले प्रस्तुत गरेका यी दुई मुख्य अवधारणा संवादात्मक व्यञ्जना र सहकार्यात्मक सिद्धान्तको परिचय दिई नेपाली वाक्यका सन्दर्भबाट उदाहरण दिई स्पष्ट पारिएको छ ।

## परिणाम तथा छलफल

प्रस्तुत लेखमा हर्बट पाउल ग्राइसद्वारा प्रतिपादित संवादात्मक र सहकार्यात्मक सिद्धान्तको परिचय प्रस्तुत गरी विभिन्न उदाहरणबाट उक्त सिद्धान्तको अध्ययन विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा संवादात्मक व्यञ्जना, सहकार्यात्मक सिद्धान्त र ग्राइसले प्रस्तुत गरेका चारओटा उक्ति गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति र व्यवहारोक्तिको अध्ययन गरिएको छ । ग्राइसले संवादलाई अर्थपूर्ण, उद्देश्यपूर्ण र सहज बनाउन गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति र व्यवहारोक्ति जस्ता चार सूत्रहरू अघि सारे । यसले संवादको गुणस्तर, संवादको मात्रा, संवादमा अन्तरसम्बन्ध तथा संवादको तरिकाका बारेमा स्पष्ट पारेको छ (बास्तोला, सन् २०२३, पृ. १५५) । ग्राइसले भनेका चारओटा उक्तिले संवादका क्रममा वक्ताले असत्य र प्रमाणहीन कुरा बोल्नुहुँदैन, सत्य बोलेर संवादलाई गुणस्तरीय बनाउनुपर्छ, आवश्यक कुरा बोल्नुपर्छ र अनावश्यक कुरा बोल्नुहुँदैन, संवादलाई सफल बनाउन संवादको प्रसङ्ग मिल्नुपर्छ, अभिव्यक्तिमा अस्पष्टता र आशंका हटाएर सङ्क्षेपमा र क्रमैसँग भन्नुपर्छ भन्ने बुझाएका छन् (ग्राइस, सन् १९८९, पृ.२४) । संवादलाई सहज, स्पष्ट, प्रभावकारी बनाउन र संवादका एकअर्कालाई सहयोग गर्न ग्राइसको संवादात्मक र सहकार्यात्मक सिद्धान्त एक महŒवपूर्ण मार्गदर्शन रहेको छ ।

## संवादात्मक व्यञ्जना

ग्राइसले सहयोगात्मक भाषिक व्यवहारमा प्रयोग हुने नियमलाई आधार मानी केही उक्तिहरूको चर्चा गरेका छन्, तिनलाई नै संवादात्मक उक्ति भनिन्छ । संवादमा सहभागीहरूले अप्रत्यक्ष रूपमा निश्चित नियमहरू पालन गरेको हुनुपर्छ । यी नियमहरूको पूर्णतः पालन गरिएको संवाद संरचनात्मक तहमा सफल हुन्छ (भट्ट, सन् २०२३, पृ. ४४) । भाषाका कथ्य र लेख्य रूपमध्ये ग्राइसले कथ्य रूप अर्थात् संवादलाई आफ्नो विषय बनाएर व्यञ्जनात्मकको चर्चा गरेका छन् । व्यञ्जनात्मकता भनेको अभिव्यक्तिबाट व्यञ्जित हुनु हो र निहितार्थभन्दा फरक हुनु हो ( बन्धु, २०७७, पृ. १५८) । जस्तै : 'भाइ विद्यालय जान छोड्यो' भन्ने वाक्यमा 'भाइ विद्यालय जान्थ्यो' भन्ने अर्थ निहित भएकाले यसलाई निहितार्थ भनिन्छ ।

ग्राइसका अनुसार व्यञ्जना भनेको संवादमा वक्ताले बुझाउन खोजेको अर्थ हो । व्यञ्जना कथित व्यञ्जना (वाच्यार्थ) तथा व्यञ्जित व्यञ्जना (वाच्यार्थभन्दा भिन्न) गरी दुई किसिमका हुन्छन् । भाषाको वाच्यार्थ वा भाषिक संरचनाबाट प्राप्त अर्थ कथित व्यञ्जना हो । व्यञ्जित व्यञ्जना भनेको वाच्यार्थभन्दा भिन्न व्यङ्ग्यार्थ हो । व्यञ्जित व्यञ्जना परम्परागत र संवादात्मक हुन्छ । भाषाको परम्परागत प्रयोगबाट प्राप्त हुने अर्थ परम्परागत व्यञ्जना हो । संवादको पृष्ठभूमिबाट प्राप्त हुने अर्थ संवादात्मक व्यञ्जना हो । संवादात्मक व्यञ्जना सामान्यीकृत र विशिष्टीकृत हुन्छन् । सामान्यरूपमा प्राप्त हुने अर्थलाई सामान्यीकृत व्यञ्जना र विशेष परिवेशबाट प्राप्त हुने अर्थ विशिष्टीकृत व्यञ्जना हो (ग्राइस, सन् १९८९, पृ.२६) । ग्राइसले संवादात्मक व्यञ्जनाको प्रयोगार्थ विज्ञान र संवादात्मक सिद्धान्तका सन्दर्भमा विशेष महत्त्व हुने बताएका हुन् । संवादमा वक्ता र श्रोताको योगदान र भूमिका के र कति, कस्तो र कुन रूपमा हुनुपर्ने हो भन्ने कुरा यसै सिद्धान्तबाट प्राप्त गर्न सकिन्छ । बन्धु (२०७७) ले यसलाई निम्नलिखित उदाहरणबाट स्पष्ट पारेका छन् : जस्तैः

लोग्ने : आज रामु काका बेलुकाको खानाका लागि आउँदै हुनुहुन्छ ।

स्वास्नी : रक्सीको बोतल दराजमा बन्द गर्नुपर्ला ।

माथिको उदाहरणमा स्वास्नीको उत्तरबाट दुई किसिमका व्यञ्जनाको अभिव्यक्ति भएको छ : (क) काकालाई रक्सी देखाउनुहुँदैन, गाली गर्नुहुन्छ । (ख) काका रक्सीबाज भएकाले रक्सी देखेपछि सबै खानुहुन्छ । (पृ. १५९)

माथिको उदाहरणका 'रक्सी लुकाउनुपर्ला' भन्ने व्यञ्जना अभिव्यक्त हुँदा संवादात्मक अभिव्यक्ति हुन गएको छ । यदि स्वास्नीको उत्तरमा 'उसो भए चाँडै खाना तयार गर्नु पर्ला' भए सहकार्यात्मक हुन जान्छ ।

ग्राइसका अनुसार वक्ताको एउटा कथनद्वारा वक्ताले के भनेको छ र वक्ताको भनाइमा निहित अर्थ के हो भन्ने अध्ययन गरिन्छ । ग्राइसले वक्ताको मनमा रहेको भनाइको धारणा शब्दको बोलचाल अर्थसँग सम्बन्धित हुन्छ । ग्राइसले वक्ताको भनाइलाई एक प्रकारको अर्थ मानेका छन् । नियल (सन् १९९२) ले ग्राइसको धारणाको विवादको बिन्दु भनेको वक्ताको अभिव्यक्ति र अभिव्यक्तिको अनन्त अर्थ  बिचको सम्बन्ध हो । वक्ताले जुन अर्थमा शब्द वा वाक्य बोलेको हुन्छ त्यसको परम्परागत अर्थसँग घनिष्ठ रूपमा सम्बन्ध हुन्छ । वक्ताले परम्परागत रूपमा वाक्य उच्चारण गरेर भन्न खोजेको आशय अनन्त अर्थसँग पनि जोडिएको हुन्छ । नियल (सन् १९९२) ले ग्राइसको परम्परागत निहितार्थको सबैभन्दा प्रसिद्ध उदाहरणमा 'तर' शब्द समावेश भएको बताएका छन् ।

(क) उनी गरिब थिइन् तर उनी इमानदार थिइन् ।

(ख) उनी गरिब थिइन् र उनी इमानदार थिइन् । (पृ. ५१०)

ग्राइसले परम्परागत निहितार्थको धारणामा धेरै विस्तार गरेनन्, तर धेरै अन्य लेखकहरूले यसको थप व्याख्या दिने प्रयास गरेका छन्, जसमा लौरी कार्टुनेन र स्टेनली पिटर्स, केन्ट बाख, स्टिफन नियल, क्रिस्टोफ पोट्स आदि रहेका छन् । ग्राइसका अनुसार बोल्नु भनेको कुनै कुरालाई वार्तालापमा संलग्न गराउनु हो । यो त्यस्तो कुरा हो जुन कुनै व्यक्तिले बोलेको कुराभन्दा बाहिर जान्छ । यसलाई सञ्चार र सहयोगात्मक सिद्धान्तहरूको साथमा गैरभाषिक विशेषताहरूबाट अनुमान लगाउनुपर्छ । ग्राइसको अध्ययन गैरप्राकृतिक अर्थको अध्ययनलाई पछि आशयमा आधारित शब्दार्थ भनियो किनभने यसले वक्ताको अभिप्रायका आधारमा गैरप्राकृतिक अर्थको व्याख्या गर्ने प्रयास गर्दछ । ग्राइसले गैरप्राकृतिक अर्थका वक्ताको अर्थ र अनन्त अर्थ गरी दुईओटा भेद देखाएका छन् (नियल, सन् १९९२, पृ. ५११) । वक्ताको उच्चारणको अर्थ वक्ताको अर्थ हो भने शब्द वा वाक्य आदिको कथनद्वारा निहित अर्थ अनन्त अर्थ हो ।

## सहकार्यात्मक सिद्धान्त

ग्राइसका अनुसार सहकार्यात्मक सिद्धान्त भनेको मानवबिचको सबै सहकार्य अन्तरक्रियालाई नियन्त्रित गर्ने नियम हो । यसले तपाईँ संलग्न भएको वार्तालापमा आदानप्रदानको स्वीकृत उद्देश्य वा निर्देशनअनुसार आवश्यक योगदान गर्नुहोस् भन्ने मान्दछ (ग्राइस, सन् १९८९, पृ.२६) । ग्राइसद्वारा प्रतिपादित सहकार्यात्मक सिद्धान्तले संवादलाई सफल बनाउन वक्ता र श्रोता दुवैले एक आपसमा सहयोग र सहकार्य गर्नुपर्छ भन्ने अवधारणा राखेको छ । त्यसैले संवादका क्रममा संवादलाई सफल बनाउन सहभागी दुवै पक्षको पारस्परिक सहयोग र सहकार्यसम्बन्धी अध्ययन नै सहकार्यात्मक सिद्धान्त हो । "यस सिद्धान्तले आफू सहभागी भएको संवादका स्वीकृत उद्देश्य र

दिशानुरूप जव आफ्नो पालो आउँछ त्यस अवस्थामा आवश्यक परेजति योगदान गर्नुपर्छ भन्ने मान्यता राख्दछ" (यादव र रेग्मी, २०५८, पृ. ३१२) । ग्राइसले १९६७ मा सहकार्यात्मक सिद्धान्तको प्रतिपादन गर्ने क्रममा अभिव्यक्ति र सम्प्रेषणबिच भिन्नता देखाउँदै अभिव्यक्तिलाई वाक्यको अर्थ र सम्प्रेषणलाई वक्ताको अर्थ मानेका छन् (भट्ट, सन् २०२३, पृ. ४४) । भाषिक उच्चारलाई वक्ताको आशयका आधारमा नअर्थ्याउँदा वास्तविक भाषिक विश्लेषण हुन नसक्ने ग्राइसको धारणा छ । सहभागीले संवादको उद्देश्य र वातावरणअनुसार आफ्नो भूमिका अनुकूल नबनाएसम्म संवादले गति लिँदैन । ग्राइसका अनुसार "वार्तालापमा वक्ता र श्रोताका बिचको सहयोग नै सहयोगात्मक वा सहकार्यात्मक सिद्धान्त हो र त्यसैले उनले सहकार्यात्मक हुनका लागि गुणोक्ति, परिमाणोक्ति, व्यवहारोक्ति र सम्बन्धोक्ति गरी चार किसिमका उक्ति वा सिद्धान्तहरू आवश्यक हुने बताएका छन्" (बन्धु, २०७७, पृ. १५९) । यी उक्तिको पालना भएमा सहयोगात्मक वा सहकार्यात्मक हुने ठानेका छन्, ती हुन्:

### *गुणोक्ति*

वार्तालापका क्रममा आफ्नो भनाइलाई गुणात्मक बनाउनु गुणोक्ति हो । गुणोक्तिमा सत्यता, सूचनात्मकता, प्रासङ्गिकता र स्पष्टता हुनुपर्छ (विल्सन र स्परबेर, सन् २०१२, पृ. ४८) । ग्राइसका अनुसार कुनै पनि संवादमा असत्य कुरा बहिष्कृत तथा अस्वीकार्य ठानिन्छ र केवल प्रामाणिक, विश्वसनीय र सत्य कुरा मात्र स्वीकार्य मानिन्छ । कुनै घटनाका बारेमा बताउँदा आफूले देखेको र सत्य ठानेको कुरा बोलेमा त्यसप्रति श्रोताको विश्वास हुन्छ । त्यसैले आफ्नो भनाइलाई भरपर्दो विश्वासिलो बनाउनुपर्छ । संवादलाई सफल बनाउन गुणोक्तिको पालना हुनुपर्छ । ग्राइसले यसअन्तर्गत तीनओटा उक्ति हुने बताएका छन् :

(अ) आफ्नो योगदानलाई सत्य बनाउन प्रयास गर्नुहोस् ।

(आ) आफूले असत्य ठानेको कुरा नभन्नुहोस् ।

(इ) पर्याप्त प्रमाण नभएको कुरा नभन्नुहोस् ।

(ग्राइस, सन् १९८९, पृ.२७) जस्तै :

(क) कक्षामा शिक्षक विद्यार्थीलाई पुस्तक पढ्न लगाएर आफू कुर्चीमा बसेर निदाउँछन् रे ।

(ख) यस्तो नचाहिने कुरा पनि गर्ने हो ? कसले भन्यो तिमीलाई ?

(ग) पत्यार त म गर्दिनँ तर यस्तै सुनेको थिएँ ।

माथिको संवादमा क वक्ता न विषयवस्तुमा आफू स्पष्ट छ, न त आफ्नो भनाइलाई पुष्टि गर्ने कुनै प्रमाण नै छ । तसर्थ, गुणोक्ति सूत्रका आधारमा यो संवाद कमजोर छ । यहाँ गुणोक्तिको पालना नभएकाले संवाद सफल भएको छैन र सहकार्यात्मक हुन सकेको छैन ।

(क) ऊ चोर रहेछ ।

(ख) कसरी थाहा पायौ ?

(क) पसलबाट सामान चोरेको आरोपमा प्रहरीले चौकीमा थुनेको छ ।

(ख) अब हामी पनि सावधान हुनुपर्छ ।

माथिको संवादमा पसलबाट सामान चोरेको व्यक्तिलाई प्रहरीले चौकीमा थुनेको कुरा गरिएको छ । यस संवादमा सत्य र प्रमाण भएका कुरा भएकाले गुणोक्तिको पालना भएको छ र संवाद सफल भएको छ ।

***परिमाणोक्ति***

संवादका क्रममा आफ्ना योगदानलाई चाहिँदो मात्रामा सूचनापूर्ण बनाउनु परिमाणोक्ति हो । यसले वक्ताले श्रोतालाई सूचना दिँदा त्यतिमात्र सूचना दिनुपर्छ जति श्रोतालाई आवश्यक र उपयोगी हुन्छ (ग्राइस, सन् १९८९, पृ.२६) । अनावश्यक गफ र बढाइचढाइले श्रोतलाई विश्वास हुँदैन । यसमा दुई उक्ति छन् :

(अ) वर्तमान उद्देश्यका लागि आवश्यक भएअनुसार आफ्नो योगदानलाई जानकारीमूलक बनाउनुहोस् ।

(आ) आफ्नो योगदान आवश्यक भन्दा बढी जानकारीपूर्ण नबनाउनुहोस् ।

(ग्राइस, १९८९, पृ. २६)

(क) तिमी हिजो किन विद्यालय नआएको ?

(ख) अँ म आइनँ ।

यस उदाहरणमा विद्यालय नआउनुको कारणसहित पर्याप्त सूचना नभएकाले संवाद सफल हुन सकेको छैन ।

(क) तिमी हिजो विद्यालय किन नआएको ?

(ख) हिजो म अस्वस्थ भएकाले विद्यालय आउन सकिनँ सर ।

यस उदाहरणमा विद्यालय नआउनुको कारण अस्वस्थ भएको भन्ने उपयुक्त र पर्याप्त सूचना भएकाले संवाद सफल भएको छ ।

(क) तिमी हिजो विद्यालय किन नआएको ?

(ख) हिजो म बिहान ढिलो उठेँ । चिया र खाजा खाएँ । साथीसँग खेल्न गएँ । आमाले भात ढिला पकाउनुभयो । भात ढिलो खाएँ । एकछिन सुतेँ । उठेर फेरि खाजा खाएँ । त्यसैले हिजो विद्यालय आइनँ ।

यस उदाहरणमा आएका वाक्यमा अनावश्यक सूचना दिइएको छ । यस्ता अनावश्यक सूचना दिइएकाले परिमाणोक्तिको पालना नभई संवाद सफल भएको छैन ।

### *सम्बन्धोक्ति*

वार्तालापका क्रममा सहभागीहरूको योगदान संवादको उद्देश्य र दिशासँग सम्बन्धित हुनु सम्बन्धोक्ति हो । यो विशिष्ट संवादको विशेषताबाट निर्धारित हुन्छ (ग्राइस, १९८९, पृ. २७) । वार्तालापका सहभागीहरुले के विचार गर्ने निर्णय गर्छन् त्यो सान्दर्भिक छ वा छैन ?, श्रोताले वक्ताले सान्दर्भिक सूचना दिएको छ वा छैन ? यसले समस्या ल्याउन सक्छ । त्यसैले जे विषय र प्रसङ्गका बारेमा कुराकानी भएको छ त्योबाहेकको विषय र प्रसङ्गमा प्रवेश नगर्नु नै सम्बन्धोक्ति हो । वक्ता र श्रोताको संवादमा सम्बन्ध, सङ्गति र अन्विति हुनुपर्छ । वक्ताले पहिले बोलेको र पछि बोलेको कुरामा अन्विति नभएमा श्रोताले विश्वास गर्दैन । यसले संवाद प्रभावकारी हुँदैन । यसमा एउटा उक्ति छः

(अ) सम्बन्धित कुरा मात्र भन्नुहोस् ।

(ग्राइस, १९८९, पृ. २७)

(क) एमबिबिएसको प्रवेश परीक्षाको नतिजा आएछ नि ।

(ख) हो, म सफल भएँ ।

(क) एमबिबिएसको प्रवेश परीक्षाको नतिजा आएछ नि ।

(ख) हो, सोझासाझाका दिन गए ।

पहिलो उदाहरणमा सफल भएँ भनेर प्रश्नसँग सम्बन्धित उत्तर आएको छ र संवाद सफल भएको छ । तर दोस्रो उदाहरणमा विषयबाहेकको कुरा भएकाले संवाद सफल भएको छैन ।

### *व्यवहारोक्ति*

संवादका क्रममा सहभागीहरूको योगदान स्पष्ट, सङ्क्षिप्त र क्रमबद्ध हुनु व्यवहारोक्ति हो । कुनै पनि कुराकानी सफल हुन संवाद व्यावहारिक र स्पष्ट हुनुपर्छ (ग्राइस, १९८९, पृ. ३०) ।

वक्ताले जे कुरा गरेको छ, व्यवहार पनि त्यस्तै हुनुपर्छ । वक्ताको बोली र व्यवहारमा अन्विति नभएमा संवाद सफल हुन सक्दैन ।। यसमा चार उक्ति छन् :

(अ) अभिव्यक्तिको अस्पष्टताबाट बच्नुहोस् ।

(आ) भनाइलाई अनेकार्थक नबनाउनुहोस् ।

(इ) सङ्क्षेपमा भन्नुहोस् ।

(ई) व्यवस्थित र क्रमिकतामा भन्नुहोस् ।

(ग्राइस, १९८९, पृ. २७)

बिरामी : डाक्टर साहेब, मेरो रोग निको हुन्छ ?

डाक्टर : इच्छा लागेको कुरा गर्नुहोस् ।

बिरामी : डाक्टर साहेब, मेरो रोग निको हुन्छ ?

डाक्टर : औषधी समयमा खानुहोस्, ठिक हुन्छ ।

पहिलो उदाहरणमा भनाइ अनेकार्थक र अस्पष्ट भएकाले संवाद सफल भएको छैन भने दोस्रो उदाहरणमा भनाइ स्पष्ट भएकाले संवाद सफल भएको छ ।

## निष्कर्ष

ग्राइसको संवादात्मक र सहकार्यात्मक सिद्धान्त पाश्चात्य भाषिक चिन्तन परम्पराको एक महत्त्वपूर्ण उपलब्धि हो । ग्राइसले हार्वर्ड विश्वविद्यालयमा दिएका व्याख्यानहरूमा आधारित छ । ग्राइसका अनुसार संवादको पृष्ठभूमिबाट प्राप्त हुने अर्थ संवादात्मक व्यञ्जना हो । ग्राइसले संवादात्मक व्यञ्जनाको प्रयोगार्थ विज्ञान र संवादात्मक सिद्धान्तका सन्दर्भमा विशेष महŒव हुने बताएका हुन् । संवादमा वक्ता र श्रोताको योगदान र भूमिका के र कति, कस्तो र कुन रूपमा हुनुपर्ने हो भन्ने कुरा यसै सिद्धान्तबाट प्राप्त गर्न सकिन्छ । ग्राइसको सिद्धान्तले वक्ता र श्रोता बिच हुने कुराकानी संवादात्मक कार्य हो भने उक्त अन्तर्क्रियामा एकअर्कामा हुने सहयोग नै सहकार्यात्मक कार्य हो भनी परिभाषित गरेको छ । भाषाको सामाजिक कार्य व्यक्तिहरूका बिचको संवादात्मक अन्तर्क्रिया हो । यही संवादबाट सामाजिक कार्यहरू निष्पन्न हुन्छन् । ग्राइसको सिद्धान्तले संवादलाई अर्थपूर्ण, उद्देश्यपूर्ण र सहज बनाउन, संवादको गुणस्तर, संवादको मात्रा, संवादमा अन्तरसम्बन्ध तथा संवादको तरिकामा ध्यान दिनुपर्छ । यस क्रममा ग्राइसले गुणोक्ति, परिमाणोक्ति, सम्बन्धोक्ति र व्यवहारोक्ति जस्ता चार सूत्रहरू प्रयोग गर्दै संवादका सिलसिलामा वक्ताले असत्य र प्रमाणहीन कुरा नबोली सत्य र प्रामाणिक कुरा बोलेर संवादलाई गुणस्तरीय बनाउनुपर्छ, आवश्यक कुरा मात्र बोल्नुपर्छ र अनावश्यक कुरा बोल्नुहुँदैन, संवादलाई लक्ष्योन्मुख र

उपलब्धिपूर्ण बनाउन प्रश्न र उत्तरको विषय र सन्दर्भ मिल्नुपर्छ, अभिव्यक्तिमा अस्पष्टता र आशंका हटाएर सङ्क्षेपमा र क्रमैसँग भन्नुपर्छ भन्ने धारणा राखेका छन् । यी चारओटा उक्तिको गरिएको संवाद सफल भई सहकार्यात्मक हुने र यी उक्तिको अतिक्रमण भएमा संवाद सफल नहुने ग्राइसको मान्यता रहेको छ । यसरी संवादलाई सहज, स्पष्ट, प्रभावकारी बनाउन र भाषालाई मानवीय विचार, भाव तथा धारणा आदानप्रदानको प्रभावकारी साधनका रूपमा प्रयोग गर्नका लागि ग्राइसको संवादात्मक र सहकार्यात्मक सिद्धान्त महत्त्वपूर्ण रहेको छ । यस सिद्धान्तका आधारमा नेपाली साहित्यको कथा, कविता, निबन्ध आदिको अध्ययन गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाई (२०६७). *भाषाविज्ञान,* पाठ्यसामग्री पसल ।

न्यौपाने, टङ्कप्रसाद (२०६१). *भाषाविज्ञानको रूपरेखा* (दोस्रो संस्क.).जय बुक डिपो ।

बन्धु, चूडामणि (२०७७). *भाषाविज्ञान* (दशौँ संस्क.). साझा प्रकाशन ।

बास्तोला, हेरम्बराज (सन् २०२२). पाश्चात्य भाषिक चिन्तन परम्परामा ग्राइसको संवाद र सहयोग सिद्धान्त. *सोताङ,* ४(४), १४८-१५५. https://doi.org/10.3126/sotang.v4i4.57088

भट्ट, महेशप्रसाद (सन् २०२३). संवाद विश्लेषणमा उक्ति अतिक्रमण. *इनोभेटिभ रिसर्च जर्नल,* २ (१), ४३-५१. https://doi.org/10.3126/irj.v2i2.56153

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५८). *भाषाविज्ञान.* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

Grice, H. P. (1989). *Studies in the Way of Words*. Harvard University Press.

Neale, S. (1992). 'Paul Grice and the Philosophy of Language'. *Linguistics and Philosophy*. Volume 15 (issue 5, October 1992), pp. 509-559

Schoolfield, M.D. (2007). *Rationality and Conversation: A Thesis on Grice's Theory*. The University of Edinburgh.

Sperber D. and Wilson, D. (2012). *Meaning and Relevance*. Cambridge University Press